## इजरायलको पछिल्लो घटनाक्रमका सम्बन्धमा माननीय परराष्ट्र मन्त्रीज्यूले संसदको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा पेश गर्नुभएको मन्तव्य

माननीय सभापतिज्यू,

माननीय सदस्यज्यूहरु

इजरायलको दक्षिण क्षेत्रमा भएको आक्रमण र सोको कारण त्यहाँ रहेका नेपालीहरुमा परेको प्रभावका बारेमा प्रतिनिधि सभामा यही मिति २०८० असोज २१ मा जानकारी गराएको थिएँ । जानकारी गराउन यस अघि पनि सम्मानित संसदमा उपस्थित भएको थिए । आज पून : इजरायलको पछिल्लो स्थिति, नेपालीहरुको उद्धार र स्वदेश फिर्ता ल्याउन, मृत्यु भएका नेपालीहरुको शव नेपाल ल्याउनको लागि नेपाल सरकारबाट हालसम्म सम्पादन भएका कार्यहरु र सोको प्रगति सम्बन्धमा अवगत गराउन यस सम्मानित समिति समक्ष उपस्थित भएको छु ।

**क) इजरायलमा भएको आक्रमण र नेपालीहरुमा परेको प्रभावका सम्बन्धमा निम्न अवस्था रहेको छ :**

१) इजरायलको दक्षिण क्षेत्रमा प्यालेस्टाइनको हमास समूहबाट आक्रमण भएको । यो आक्रमण दशकौंपछिको ठूलो स्केलको रहेको। इजरायलको तर्फबाट पनि गाजा क्षेत्रमा जवाफी कारवाही भएको। सयौंको संख्यामा मृत्य, घाइते भएको र अहिले युद्धको स्थिति रहेको बारेमा माननीय सदस्यज्यूहरुलाई अवगत नै छ ।

२) इजरायलमा हाल करीव ४५०० नेपालीहरु केयरगिभरको रुपमा कार्यरत रहेका छन् । उहाँहरु कोहीपनि आक्रमणमा परेको भन्ने जानकारी आएको छैन । इजरायलमा अध्ययन गरिरहेका २६५ जना नेपाली विद्यार्थीहरु इजरायल सरकारको Learn and Earn कार्यक्रम अर्न्तगत गएका थिए । यी मध्ये नेपालको कृषि विश्वविद्यालयबाट ११९ जना, त्रिभुवन विश्वविद्यालयबाट ९७ जना र सुदुरपश्चिम विश्वविद्यालयबाट ४९ जना गएका थिए ।

३) सुदुरपश्चिम विश्वविद्यालयबाट गएका ४९ जनामध्ये १७ जना नेपालीहरु दक्षिण इजरायलको किवुज अलुमिम (Kibbutz Alumim) भन्ने स्थानमा रहेका थिए । यी मध्ये १० जनाको हमासको आक्रमणबाट दुखद निधन भएको, २ जना सकुशल

रहेको, ४ जना घाइतेको उपचार स्थानीय अस्पतालमा भैरहेको र १ जनासँग सम्पर्क हुन नसकेको अवस्था रहेको छ ।

४) इजरायलको दक्षिण क्षेत्रको तुलनात्मकरुपमा जोखिमयुक्त क्षेत्रमा बंकरभित्र आश्रय लिई राखेका सुदुरपश्चिम विश्वविद्यालयका ३२ जना र कृषि तथा वन विज्ञान विश्वविद्यालयका २३ जना गरी ५५ जनालाई हिजो इजरायल सरकारको सहयोगमा सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ । साथै उत्तरी क्षेत्रमा रहेका फार्म हाउसमा रहेका केही नेपालीहरुलाई पनि सुरक्षित तवरले बंकरमा रहने व्यवस्था मिलाईएको छ । अन्य जोखिममा रहेका नेपालीहरुलाई पनि सुरक्षित स्थानमा राख्नको लागि निरन्तर पहल गरिएको छ ।

५) इजरायलमा रहेका नेपालीहरुको वास्तविक स्थितिको पहिचान गर्न, नेपालीहरुलाई सुरक्षित तवरले रहने प्रवन्ध गर्न, उद्धार तथा सहयोग गर्नको लागि इजरायल सरकार संग आवश्यक समन्वय र सहजीकरणको कार्य भैरहेको छ । साथै, यी कार्यहरु गर्न नेपाली राजदूतावासलाई समेत सक्रिय रुपमा परिचालन गरिएको छ ।

६) परराष्ट्र मन्त्रालयले इजरायलमा घटना घटेकै दिन असोज २० गते देखि नियमित रुपमा प्रेस विज्ञप्ति जारी गरिरहेको छ । यस घटनाको निन्दा गर्नुका साथै इजरायल सरकारप्रति ऐक्यवद्धता व्यक्त गरिएको छ । विज्ञप्तिमार्फत नेपालीहरुलाई सुरक्षित र सर्तकता अपनाउन अनुरोध गरिएको तथा आक्रमणमा परेका नेपालीहरुको स्थितिबारे जानकारी गराईएको छ ।

७) असोज २१ गते मैले सम्मानित संसदमा सम्बोधन गरी इजरायलमा घटेको घटनाका बारेमा विस्तृत जानकारी दिनुका साथै सरकारले नेपालीहरुको उद्धार, स्वदेश फिर्ती सुरक्षाको लागि लिइएका पहलकदमी, इजरायल सरकारसँग समन्वय भैरहेका विषय आदि बारेमा जानकारी गराई सकेको छु ।

८) समन्वय र सहजीकरणको लागि परराष्ट्र मन्त्रालय र राजदूतावासका पदाधिकारीहरुलाई सम्पर्क व्यक्ति तोकी नागरिकहरुको गुनासो सुनुवाई गरी आवश्यक सूचना प्रवाह गर्ने एवं पीडित र आफन्तको कुरा सुन्नेर सोही बमोजिम समाधानको लागि आवश्यक पहलकदमी लिने, सुझाव प्रदान गर्ने लगायतका कार्यहरु निरन्तर रुपमा गरिदै आएको छ ।

९) नेपाल फर्कन इच्छुक नेपालीहरुको स्वदेश फिर्तीको लागि नेपाली राजदूतावासबाट विवरण संकलनको लागि अनलाइन रजिष्ट्रेशन सुरु भई दुई सय भन्दा बढीको विवरण प्राप्त भइसकेको अवस्था छ।

**ख) इजरायलका महामहिम राजदूतसंग भएको छलफल सम्बन्धमा**

मैले असोज २१ गते इजरायलका महामहिम राजदूत हनान गोदारलाई मन्त्रालयमा बोलाई इजरायल घटनाको पछिल्लो वस्तुस्थितिबारेमा जानकारी लिई मृतक नेपालीहरुको शव चाँडो नेपाल ल्याउन, नेपालीहरुको सुरक्षाको प्रवन्ध गर्न, उद्धार गर्न, घाइतेको राम्रो उपचारको व्यवस्था गर्नको लागि नेपाल सरकारसँग आवश्यक समन्वय गरी कार्य गर्ने विषयमा छलफल गरेको छु ।

१) इजरायलका महामहिम राजदूतले जानकारी गराए अनुसार इजरायल युद्धमा प्रवेश गरेको, सयौंको संख्यामा इजरायलीहरु हताहत भएका, अन्य देशका नागरिकहरुको पनि मृत्यु भएको बताउनु भएको छ । साथै, उहाँले तेलअभिभस्थित विमानस्थल सुचारु रहेकोले नेपाल आउन चाहने नेपालीहरु उडानबाट नेपाल आउन सक्ने, द्वन्द्वग्रस्त अमिमि गाउँमा रहेका १७ जना भन्दा बाहेक अन्य नेपालीहरु गम्भीर रुपमा प्रभावित नभएको जानकारी गराउनु भएको थियो ।

२) महामहिम राजदूतले इजरायलको तर्फबाट स्थिति नियन्त्रणमा लिन हरसम्भव प्रयास भइरहेको बताउनु भएको छ । मैले नेपालीहरूको सुरक्षामा विशेष ध्यान दिने र निधन भएकाहरूको शव तथा नेपाल फर्कन चाहने ईच्छुक नेपालीहरूको स्वदेश फिर्तीमा नेपाल सरकारसँग समन्वय गरी कार्य गर्ने विषयमा कुराकानी गरेको छु । उहाँले नेपालले जारी गरेको प्रेस वक्तव्यप्रति धन्यवाद व्यक्त गर्नुभएको छ ।

३) हिजो विहान पनि मैले इजरायलका राजदूत र नेपाली राजदूतसँग कुरा गरी बन्करमा रहेका नेपालीहरु पहिचान गरी उनीहरुको विवरण तयार गर्न, उनीहरुको स्वदेश फिर्ताको लागि आवश्यक सहजीकरण र प्रवन्ध गर्न विषयमा कुराकानी गरेको छु । इजरायल राजदूतले बताउनु भए अनुसार हाल इजरायलको सबै क्षेत्र इजरायल सरकारको नियन्त्रणमा आइसकेकोले बिस्तारै परिस्थिति सामान्यीकरण हुन सक्ने जनाउनु भएको छ । उहाँले तेलअभिभस्थित नेपाली राजदूतावास र विद्यार्थीका संयोजकहरुसँग समेत समन्वय गरी बंकरमा रहेका नेपालीहरुलाई सुरक्षित स्थानमा लाने, नेपाल फिर्तीको लागि आवश्यक कार्य गर्न इजरायल सरकारले समन्वय गरिरहेको

जानकारी गराउनु भएको छ । यर्थाथमा परराष्ट्र मन्त्रालय, इजरायलस्थित नेपाली राजदूतावास पूर्णरुपमा हालको इजरायलको परिस्थितिमा नेपाली नागरिकहरुको सुरक्षा र स्वदेश फिर्ती प्रक्रिया कार्यान्वयन गर्ने कार्यमा लागिरहेको छ ।

**ग) समन्वय संयन्त्रको बैठक सम्बन्धमा**

१) इजरायलमा विकसित पछिल्लो घटनाक्रमका सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा बसेको बैठकको निर्देशन अनुसार मेरो संयोजकत्वमा गठन भएको समन्वय समितिको आज बिहान बसेको बैठकमा निम्नानुसारको छलफल तथा निर्णय गरेको व्यहोरा सम्मानित संसदमा अवगत गराउन चाहन्छु ।

२) नेपाली राजदूतावास, तेल अविवलाई इजरायलमा रहेका सम्पूर्ण नेपाली (विद्यार्थी तथा कामदार) हरूलाई सम्पर्क गरी उनीहरू रहेको स्थान र अवस्थाको जानकारी लिई यदि नेपाल फर्कन चाहेको भए राजदूतावासमा रजिष्ट्रेशन गर्न अनुरोध गर्ने, हाल Safe Room तथा बङ्करमा रहेका नेपालीहरूलाई सुरक्षित ठाउँमा स्थानान्तरण गरी Evacuation को तयारी गर्ने, इजरायलको विभिन्न स्थानबाट उद्धार गरी तेल अविवबाट अथवा अन्य सुरक्षित स्थान (जोर्डन) बाट नेपाल ल्याउन सकिन्छ सो अध्ययन गर्ने, आवश्यक परेमा तेल अविवमा अस्थायी ट्रान्जिट होमको व्यवस्था गर्ने,

३) इजरायलमा दुःखद निधन भएका १० जनाको शवलाई यथाशिघ्र नेपाल ल्याउन इजरायल सरकारको सम्वन्धित निकायसँग समन्वय गर्ने,

४) नेपालको तर्फबाट उद्धारको लागि नेपाल एलरलाईन्स र हिमालय एअरलाईन्सका जहाजहरू तयारी अवस्थामा राख्ने,

५) सामाजिक सञ्जालमा आइरहेका विभिन्न प्रकारका भिडियो तथा इमेजहरूले परिस्थितिलाई थप उत्तेजित बनाउन सक्ने हुँदा मानवीय संवेदनशिलताप्रति ध्यान दिन अपिल गर्ने ।

६) गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालयहरू मार्फत पीडितका परिवारहरूलाई धैर्य धारण गर्न अनुरोध तथा १० जना बाहेक अन्य सुरक्षित रहेको जानकारी दिने,

७) उक्त घटनाले नेपालको आन्तरिक सुरक्षामा पार्न सक्ने प्रभावलाई सुक्ष्म ढङ्गले अध्ययन गरी उच्च सतर्कता अपनाउने,

८) उद्धारका लागि राजदूतावासमा रहेको हालको जनशक्ति न्यून देखिएकाले स्थानीय भाषाको ज्ञान भएको एकजना थप जनशक्तिको व्यवस्था गर्ने,

९) इजरायलमा रहेका विद्यार्थीहरूमा डर त्रासको अवस्था सिर्जना भएकाले सम्बन्धित विश्वविद्यालय/निकाय/ मा सम्पर्कमा रहेका व्यक्तिहरूले मनोवैज्ञानिक परामर्श प्रदान गर्ने ।

१०) यो संवेदनशील विषय भएकाले मन्त्रिपरिषद्को बैठकले आधिकारिक रूपमा शोक व्यक्त गर्ने, पीडित परिवारलाई राहत उपलब्ध गराउने, नेपाल फर्कन चाहने नागरिकहरुलाई छिटो नेपाल ल्याउन तथा उद्धार गर्न आवश्यक कार्य गर्ने र त्यहाँ रहेका नेपालीहरूको सुरक्षाका लागि नेपाल सरकारले इजरायल सरकारसँग समन्वय गरिरहेको यर्थाथ जानकारी प्रवाह गर्ने ।

**घ) नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय सम्बन्धमा**

मेरो नेतृत्वको समन्वय संयन्त्रले सुझाव प्रदान गरे अनुरुप नेपाल सरकार, मन्त्रिपरिषद्को हिजो बसेको बैठकले निम्न निर्णयहरु गरेको छ ।

१. मिति २०८० असोज २० गते दक्षिण इजरायलको किबुज अलुमिम भन्ने स्थानमा प्यालेष्टाइनको हमास समूहले गरेको आक्रमणमा परी १० (दश) जना नेपालीहरूको दु:खद् निधन भएकोमा मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्ने र घाइते भएका व्यक्तिहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने ।

२. यस अकल्पनीय घटनामा दिवङ्गत हुनुभएका नेपालीहरूप्रति सम्मान व्यक्त गर्न २०८० असोज २३ गते राष्ट्रिय शोक घोषणा गरी देशभरका सरकारी कार्यालयहरू र विदेशस्थित नेपाली नियोगहरूमा राष्ट्रिय झण्डा आधा झुकाउने ।

३. परराष्ट्र मन्त्रालयले इजरायल सरकारसँग समन्वय गरी यस घटनामा निधन भएका नेपालीहरूको शव यथाशीघ्र स्वदेश ल्याउने ।

४.यस घटनामा परी निधन भएका नेपालीहरूको परिवारलाई राहत स्वरूप प्रति परिवार दश लाख रुपैयाँ उपलब्ध गराउने उक्त रकम अर्थ मन्त्रालयले गृह मन्त्रालयमार्फत निकासा दिने ।

५. इजरायलस्थित नेपाली दूतावासले इजरायल सरकारसँगको समन्वय र सहयोगमा यस घटनामा परी बेपत्ता भएका नेपालीको खोजीमा तीब्रता दिने एवं घाइतेहरूको तत्काल उपचारका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने ।

६. इजरायलस्थित नेपाली दूतावासले स्वदेश फर्कन चाहने नेपालीहरूको विवरण अनलाइन प्रणालीमार्फत सङ्कलन गरी तत्काल परराष्ट्र मन्त्रालयमा पठाउने । स्वदेश फर्कन चाहने इजरायलमा रहनुभएका नेपालीहरूलाई उक्त प्रणालीमा आफ्नो विवरण तत्काल प्रविष्ट गर्न अनुरोध गर्ने ।

७. अध्ययनलगायत अन्य प्रयोजनका लागि इजरायलमा रहेका नेपालीहरूलाई नेपाल आउन चाहेमा नेपाल सरकारले नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्सको विमान चार्टर्ड गरी यथाशीघ्र नेपाल ल्याउने प्रबन्ध गर्ने ।

८. इजरायलमा रहेका नेपालीहरूको उद्धार तथा स्वदेश फिर्तीमा सहयोग गर्न हिब्रु भाषा जान्ने स्थानीय व्यक्तिलाई बढीमा ३ (तीन) महिनाका लागि काममा लगाउन इजरायलस्थित नेपाली दूतावासलाई स्वीकृति दिने ।

९. इजरायलस्थित नेपाली दूतावासले इजरायलको जोखिमयुक्त क्षेत्रबाट नेपालीहरूको सुरक्षित उद्धार गर्न समन्वय र सहजीकरण गर्ने । नेपाल फर्कन चाहने नेपालीहरूलाई नेपाल फर्काउने अवधिसम्म अस्थायी ट्रान्जिट होम स्थापना गरी व्यवस्थापन गर्न इजरायलस्थित नेपाली दूतावासलाई स्वीकृति दिने ।

१०. इजरायलमा रहेका नेपालीहरूको उद्धारको लागि आवश्यकताअनुसार इजरायल सरकार एवं छिमेकीलगायत अन्य मित्र राष्ट्रहरूसमेतको सहयोग लिने ।

११. यस घटनाका सम्बन्धमा मानवीय संवेदनशीलता, परिवारजनमा पर्ने मानसिक आघात तथा समाजमा पर्ने असरसमेतलाई ध्यानमा राखी असान्दर्भिक र

असंवेदनशील सामग्रीहरू सञ्चार माध्यम र सामाजिक सञ्जालमार्फत् प्रवाह नगर्न र आ-आफ्नो क्षेत्रबाट जिम्मेवार भूमिका निर्वाह गर्न सबैलाई आह्वान गर्ने ।

- परराष्ट्र मन्त्रालयले इजरायल सरकार र नेपाल सरकारका सम्बन्धित निकायसँग समन्वय गरी निधन भएका नेपालीहरुको शव नेपाल ल्याउन, जोखिम क्षेत्रमा रहेका नेपालीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न र नेपाल फर्कन चाहने विद्यार्थी र अन्य नेपालीहरुलाई नेपाल ल्याउने कार्यलाई उच्च प्राथमिकतामा राखेको छ । नेपालको हवाइजहाज तयार अवस्थामा राख्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई अनुरोध गरिएको छ ।

परराष्ट्र मन्त्रालय नेपाल सरकारका यी निर्णयहरु कार्यान्वयन गरी इजरायलमा रहेका नेपालीहरुको समस्यालाई सम्बोधन गर्न, पूर्ण प्रतिवद्ध र गम्भिर भएर लागेको छ । साथै, यस सम्मानित समिति र माननीयज्यूहरुको सकारात्मक सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद । जय नेपाल ।

मिति : २०८० असोज २३ गते मंगलबार ।

## Update on Situation in Israel

The Israeli forces are still trying to get control over the area. So, we can only wait for them to get to the students to evacuate. Only then we will be able to get any information from their side.

So, at the moment, the only source of whereabouts of the stranded Nepali Students is our communication with them, according to them, out of 17 Students in Kibbutz Alumim, 2 are safe and reporting to us from a safe house in that Kibbutz, 3 have been hospitalized (Soroka Medical Center), 9 injured (previously in contact but currently out of reach) and the status about 3 have not been reported yet.

Note:

There are Nepalis in **two** sectors only.
Total **workers**: about 4,500 (all **caregivers**)
Total **students**: 265 (From AFU- 119, TU-97, FWU-49)
(Out of which the number of students in Sedot Negev college is 49, all from Far Western University of Nepal, and 17 of 49 were working in the farm – Kibbutz Alumim, hub of the attack)

List of Students in Kibbutz Alumim with status

| SN | Names | Address | Passport No | Contact No | Farm | Status |
|---|---|---|---|---|---|---|
| 1 | **Aanand Sah** | Sapahi-6, Dhanusha | BA0046775 | 0552916406 | Alumim | 10 Dead |
| 2 | **Narayan Prasad Neupane** | Ghodaghodi-4, Kailali | | 0552916309 | | |
| 3 | **Lokendra Singh Dhami** | Malikarjun-4, Darchula | | | | |
| 4 | **Rajesh Kumar Swarnakar** | Madhubani-1, Sunsari | BA0133670 | 0552916406 | | |
| 5 | **Ganesh Kumar Nepali** | Jayaprithivi-6, Bajhang | | | | |
| 6 | **Dipesh Raj Bista** | Lekam-5, Darchula | | 0552916360 | | |
| 7 | **Rajan Phulara** | Pachanali-3, Doti | | 0552916451 | | |
| 8 | **Padam Thapa** | Lamikhal-8, Doti | BA0017892 | 0552906273 | | |
| 9 | **Prabesh Bhandari** | Sharada-3, Salyan | PA1560328 | | | |
| 10 | **Ashish Chaudhary** | Bauniya-3, Kailali | | | | |
| 11 | Bipin Joshi | Bhimdutta-3, Kanchanpur | PA1848403 | | | 1 Missing |
| 12 | Dhan Bahadur Chaudhary | Tikapur-9, Kailali | | | | 4 Hospitalized (Soroka Medical Center) |
| 13 | Bidhan Sejuwal | Sharada-2, Salyan | | 0552916300 | | |
| 14 | Himanchal Kattel | Gorkha-8, Gorkha | BA0079958 | | | |
| 15 | Prabin Dangi | Dangisharan-3, Dang | 12482178 | | | |
| 16 | Birendra Chaudhary | Bhajani Trishakti-4, Kailali | | 0552916301 | | 2 Reported to be Safe |
| 17 | Pramod KC | | 12388817 | 0552906273 | | |

- Requesting for rescue fligts.
- Embassy is developing a form to register to find out possibilities to repatriate them.